यस गाउँसभामा उपस्थित आदरणीय सम्पूर्ण महानुभावहरु

नेपाली जनताको त्याग,बलिदान र लामो संघर्षबाट प्राप्त संघिय लोकतान्त्रिक गणतन्त्रलाई दरीलो र मजबुत बनाउदै बलान बिहुल गाउँपालिकाका आम नागरीकको जीवनमा खुशी ल्याउन अगामी आ.व.२०८३/०८४ को लागि नीति, कार्यक्रम तर्जुमा गर्न लागिरहेका छौ । थौरै श्रोत साधनबाट जनताले चाहेको सम्पूर्ण कुरा पुरा गर्न केही कठीन भएता पनि आर्थिक,सामाजिक तथा पूर्वाधार विकास निर्माण गर्न केही हदसम्म उपलब्धि हासिल गरिएको छ ।

संघिय लोकतान्त्रिक गनणतन्त्रलाई संस्थागत गर्दे आम नागरिकको सम्मान र स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको रक्षा गर्नको लागि यो नीति कार्यक्रम तय गरिएको छ । नेपाली जनतालाई संघियता र गणतन्त्रको प्रतिफल दिलाउन मधेश आन्दोलन लगायत विभिन्न आन्दोलन क्रममा शहादत प्राप्त गर्नुहुने ज्ञात अज्ञात शहीदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । घाईते तथा बेपता नागरिकहरुप्रति उच्च सम्मान गर्न चाहन्छु ।

श्रोत साधनको अभाव र पूर्वाधारको कमीका बाबजुद यस गाउँपालिकाको आर्थिक, सामाजिक र पूर्वाधार क्षेत्रमा गरिएका कार्यहरुले सकरात्मक योगदान दिन सकेको महुसुस गरिएको छ । समावेशी र अर्थपूर्ण विकास गरी जनतालाई खुशी बनाउनु नै हामी निर्वाचित पदाधिकारीहरुको एक मात्र उद्देश्य रही आएको छ । विगतका बर्षहरुमा तय गरिएका नीति कार्यक्रम, हामीले गरेका प्रतिबद्धता र आश्वासन तथा संघिय र प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन समेतलाई आधार मानी गरी आ.व. २०८३।०८४ को नीति कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गरेको छु ।



Scanned with CamScanner

आदरणीय महानुभावहरु

अब म आर्थिक वर्ष २०८३।०८४ का लागि बलान बिहुल गाउँपालिकाका समृद्धिको मार्गचित्र समेटी तयार गरिएको क्षेत्रगत बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

# नीति तथा कार्यक्रमहरु

## १ आर्थिक विकास

**कृषि तथा पशु विकास सम्बन्धी :**

- गाउँको मुख्य खाद्यान्न बालीहरु (धान, उखु, केराखेति, जुट, गहु, मकै आदी) बीज वितरण कार्यक्रम प्रभावकारी ढंगबाट संचालन गरी गुणस्तरीय बीउ उत्पादनमा गाउँलाई आत्मनिर्भर बनाउदै अन्य क्षेत्रका लागि समेत श्रोत केन्द्रको रुपमा विकास गर्दै लगिनेछ । साथै बीउ, बिजनका अतिरिक्त मल र कृषि सामाग्रीहरु समेत समयमै कृषकहरुलाई उपलब्ध गराउन विशेष सजगता अपनाइनेछ ।
- कृषक र कृषि क्षेत्रले समस्या, आवश्यकता र चाहनाको वस्तुपरक आंकलन गरी उपयुक्त परिणाम मुखि कार्यक्रम तर्जुमा गर्न कृषक समूहहरुको गठन परिचालनलाई जोड दिइनेछ ।
- स्थानीय सम्भाव्यता, तुलनात्मक लाभका क्षेत्र र गाउँको विशिष्ठ अवस्था समेतलाई अवसरको रुपमा उपयोग गर्दै कृषि क्षेत्रको व्यवसायिकरण र विविधिकरण गरी गाउँको खाद्य सुरक्षाको अवस्था प्रवर्द्धन गर्नुका साथै रोजगारीका अवसरहरु श्रजृना गरिनेछ ।
- कृषि उत्पादनमा वृद्धि गर्न सिंचाई, हाट बजार, कृषि उपज संकलन केन्द्र जस्ता आवश्यक कृषि पुर्वाधारहरु निर्माण, मर्मत संभार तथा सम्वर्द्धन गर्ने कार्यलाई प्राथमिकता दिईने नीति अवलम्वन गरिने छ ।
- रासायनिक मलको प्रतिस्थापन गर्न प्रागांरिक तथा जैविक मलको उत्पादन तथा प्रयोगमा जोड दिईने नीतिलाई अबलम्वन गरिने छ ।
- "एक गाउँ एक उत्पादन कार्यक्रम" अन्तरगत आप उत्पादन, माछा पालन, दुग्ध उत्पादन, तरकारी उत्पादन एव वागवानी उत्पादनलाई प्रोत्साहन दिइने छ ।
- मत्स्य पालन क्षेत्रको विकास तथा विस्तार गर्न नेपाल कृषि अनुसन्धान परिषद्‌बाट सिफारिस भएका स्थानीय हावापानी सुहाउंदो प्रविधि तथा उन्नत वीउ, माछाका भुरा, वेर्ना आदीको उत्पादन व्यवस्थामा सुधार गरी कृषक समक्ष पुर्याईने छ ।
- गाउँमा **AI Mission** अन्तरगत संचालित कृतिम गर्भाधान केन्द्रको स्थापना गर्ने कार्यलाई स्थानीय जातका गाई,भैंसीको बाहुल्यता रहेको क्षेत्रमा केन्द्रीत र विस्तार गरी पशु उत्पादनमा वृद्धिको माध्यमबाट आय आर्जनमा वृद्धि गरिनेछ ।
- राष्ट्रिय घाँस विकास अभियान कार्यक्रमलाई निरन्तरता दिई गाउँमा रहेको विभिन्न जातका घांसका वीउहरु उत्पादनमा वृद्धि गरी सो क्षेत्रमा गाउँलाई आत्मनिर्भर बनाउदै अन्य क्षेत्रको लागि समेत सो केन्द्रको रुपमा स्थापना गरिनेछ ।
- गाउँमा उपलब्ध सम्भाव्यतालाई अध्ययन गरी उपयुक्त सीप र प्रविधिको विकास र विस्तार गरी पशु उत्पादन र उत्पादकत्वमा बृद्धि गरी दुध, दुध जन्य पदार्थ, फुल, मासु आदी जस्ता पशुजन्य उत्पादनका



CS Scanned with CamScanner

क्षेत्रमा गाउँलाई आत्मनिर्भर बनाउनुका साथै कृषकहरुको उच्च मनोवल राख्न पशुपंक्षी तथा बाली विमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

- गाउँ सभा बाट लागु हुने गरी गाउँका कृषि तथा पशुपालन व्यवसायिक कृषकहरु मध्येबाट सम्बन्धित सेवा प्रदायक कार्यालयको सिफारिसमा कृषकहरुलाई पुरस्कृत गर्दै लगिनेछ ।
- घरायसी इन्धनको प्रमुख स्रोतको रुपमा दाउरा, गुइठा प्रयोग गर्ने घरधुरी सङ्ख्या प्रत्येक वर्ष कम्तीमा १० प्रतिशतले कम गर्दै वैकल्पिक उर्जा प्रयोग गर्नेको सङ्ख्या बढाउन आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।
- गाउँपालिकाको ६ वटै वडाको माटो परिक्षण माटो विशेषज्ञबाट चेक जाँच गरी प्रतिवेदन सार्वजनिक गरिनेछ ।
- बालीको समयमा लाग्ने किरा,रोगबाट हुने क्षतीलाई न्युनिकरण गरिनेछ ।
- किसानले लगाएको बिउँ बालीमा केही कारणवस बाली क्षती भएको बेला त्यसको विमा सम्बन्धी नीति ल्याउनेछ ।
- किसानहरुलाई बैज्ञानिक र आधुनिक तारिकाबाट खेती गर्न गराउन नीति ल्याउनेछ ।
- किसानलाई मल बिऊको लागि अनुदान दिने नीति ल्याउनेछ ।
- किसानलाई पहिचान गरी त्यसको कार्ड (किसान परिचय पत्र) वितरण गर्ने नीति ल्याउनेछ ।
- किसानका लागि सिचाईको व्यवस्था पहिचान गरी, त्यसको लागि नीति ल्याउनेछ ।
- प्रत्येक वडामा मल खाद, बिऊ बिजन डिलर स्थापना गर्ने नीति ल्याउनेछ ।
- अति बिपन्न घर परिवारलाई खाद्यबैंकबाट राहत सामग्री वितरणको व्यवस्था मिलाईनेछ ।

**पर्यटन विकास :**

- यस गाउँपालिका स्थित रहेका सांस्कृतिक धरोहरहरुलाई संरक्षण एवं प्रवर्द्धन गर्दै पर्यटनलाई बढावा दिइनेछ ।
- कला साहित्य तथा पत्रकारिताको माध्यमद्धारा पर्यटन क्षेत्रको प्रचार प्रसार तथा विकास गर्न साहित्य तथा पत्रकारिता क्षेत्रका संघ संस्थाहरुसंग समन्वयमा थप जोड दिईनेछ ।
- पर्यटक पदमार्गको सम्भावनाको आंकलन गरी पर्यटन पदमार्ग र हरियाली क्षेत्रका विकास लगायतका पुर्वाधार निर्माण गरी हरित र वातावरणमैत्री पर्यटन प्रवर्द्धन गरिनेछ ।
- गाउँमा रहेका विभिन्न जातजाति र भाषाभाषिहरुको पहिचान झल्किने कला, संस्कृति, सिप र सामाग्रीहरुको खोज संरक्षण एवं प्रबर्द्धनमा जोड दिइनुको साथै गाउँ स्थित त्यस्ता सांस्कृती प्रतिष्ठान र संग्रहालयहरुको सुदृढीकरणमा जोड दिइनेछ ।

**लघु, घरेलु तथा साना उद्योग र रोजगार प्रवर्द्धन सम्बन्धी :**

- परम्परागत लोक संसकृती स्थानीय जनतामा रहेको कालाहरुलाई घरेलु उद्योगको प्रवर्द्धनका माध्यमबाट उत्पादकको रुपमा परिणत गरी आय वृद्धि गर्दै गरीबी न्युनिकरण र पर्यटन आकर्षण समेतका लागि प्रयोग गरिनेछ ।
- उद्यमशिलताको विकाससंगै लघु तथा घरेलु उद्यमको माध्यमबाट अति विपन्न, गरीव, दलित, महिला, आदिवासी जनजाती र पछाडी पारिएका वर्गको आर्थिक अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरी गरिवी निवारणमा टेवा पुर्याइने नीतिलाई थप प्रभावकारी बनाउदै लगिनेछ ।
- स्वरोजगार र आय-आर्जनको अवसर सिर्जना गर्न स्थानीय श्रोत साधनमा आधारित घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्ने र सम्बन्धित निकाय, संघ र संस्थासंग समन्वय गरी कार्यक्रमहरु संचालन गरिने छ ।



CS Scanned with CamScanner

- दलालहरुको प्रलोभनमा परी अवैधानिक बाटोको माध्यमबाट असुरक्षित तरिकाले वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरुको संख्यालाई न्यूनिकरण गर्न गाउँ /गाउँमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ।

**सहकारी - "समृद्धिको भकारी, घर घरमा सहकारी"**

- गाउँको दिगो र समतामुलक आर्थिक विकास तथा अग्रगामी सामाजिक रुपान्तरणका लागि सबल र सक्षम सहकारी प्रणाली लागु गरिने छ।
- सहकारीको मुल्य र सिद्धान्तहरुलाई अनुशरण गर्न गराउन सबै सहकारी संघ संस्थाहरुलाई अभिप्रेरित गरिने छ।
- सहकारी शिक्षा, तालिम र संरचनालाई ब्यापक र प्रभावकारी बनाउन गाउँपालिकाको सम्बन्धित निकाय तथा सहकारी संघ संस्थाहरुलाई प्रभावकारी ढंगले परिचालन गरिने छ।
- सदस्यहरुको चेतना अभिबृद्धि गर्न र ब्यवस्थापन क्षमता बढाउन सहकारी अनुशिक्षण र तालिमलाई अनिवार्य गरिदै लगिने छ।
- सहकारी सम्बन्धी तालिम दिने सम्प्रेषण गर्ने काममा सहकारीका संघ संस्थाहरुको अग्रसरता र सहभागितालाई प्रोत्साहित गरिने छ।
- आम नागरिकहरुलाई सहकारी सम्बन्धी जनचेतना अभिबृद्धिका लागि, सहकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार, शैक्षिक क्षेत्र, सञ्चार जगतका साथै सम्बद्ध सामाजिक संघ संस्थाहरु परिचालन गरिने छ।
- स्थानीय श्रम, सिप र पुंजीलाई अधिकतम रुपमा परिचालन गर्ने गरी सहकारीलाई गाउँ स्तरमा अर्थतन्त्रको एक सबल स्तम्भको रुपमा विकसित गर्दै आर्थिक, सामाजिक एवं सांस्कृतिक विकासको लक्ष्यमा योगदान गरिने छ।

## २ सामाजिक विकास

**खानेपानी तथा सरसफाई सम्बन्धी: "सामुदायिक सरसफाई - हाम्रो आफ्नै भलाई"**

- गाउँ भित्र फोहोर तथा अव्यबस्थीत कार्य गर्ने जो कोही लाई दण्ड तथा जरिवानाको दायरा भित्र ल्याईने छ।
- गाउँका सबै वडाहरुमा सबै घरपरिवारमा स्वच्छ खानेपानीको लागी Mini Water Tank Project को व्यवस्था मिलाईने छ।
- गाउँका मुख्य स्थलहरुमा सार्वजनिक धारा जडान गर्दै लगिनेछ।

**शैक्षिक विकास सम्बन्धी : "साक्षर गाउँ - समुन्नत सहर"**

- विद्यालयमा भौतिक सुविधा विस्तार कार्यक्रमलाई आवश्यकता र सुचकांकको आधारमा व्यवस्थित गरिने छ।
- भयरहित, बालमैत्रीपुर्ण शिक्षण सिकाई क्रियाकलापलाई थप सुदृढीकरण गरिने छ।
- शिक्षकको कार्य सम्पादनलाई विद्यार्थीको सिकाई उपलब्धीसंग जोडने नीतिलाई कार्यान्वयन गरिनेछ।
- प्रत्येक वडामा सुचना तथा संचारलाई प्रभावकारी बनाउन र नागरिकहरुको चेतना बढाउन एक गाउं एक पुस्तकालय खोल्न प्रोत्साहन गर्ने नीतिलाई अवलम्बन गरिने छ।
- शिक्षा क्षेत्रलाई संख्यात्मक मात्र नभई गुणात्मक बनाउन नेपाल सरकारबाट स्वीकृत मापदण्ड कडाईका साथ कार्यान्वयनमा ल्याइनेछ।
- निशुल्क तथा अनिवार्य आधारभुत शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- स्थानिय पाठयकम पठन पाठनको व्यवस्था मिलाउन सम्भाव्यता अध्यन्न गरिनेछ।



CS Scanned with CamScanner

- बहुभाषिक शिक्षालाई निरन्तरता दिइनेछ।
- गाउँभित्र रहेका सम्पुर्ण सामुदायिक विद्यालयका शिक्षक,शिक्षिकाहरुको दरबन्दी अद्यावधिक गरि थप नया दरबन्दीको ब्यबस्था मिलाई गाउँपालिकाद्वारा दक्ष शिक्षक शिक्षिकाहरुको प्रबन्ध मिलाउने।
- अभिभावक शिक्षा घरदैलो कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिनेछ।
- गाउँका हरेक सामुदायिक विद्यालय तथा मदरसामा अतिरिक्त क्रियाकलाप सञ्चालन तथा सहजीकरण गर्न एक जना विशेष शिक्षकको व्यवस्था गरिनेछ।
- अति विपन्न, दलित तथा अल्पसङ्ख्यक परिवारका बालबालिकालाई नि:शुल्क उच्च शिक्षाको व्यवस्था गरिनेछ।
- सबै विद्यालयमा कक्षागत र विषयगत शिक्षक व्यवस्था गरिनेछ।
- प्रत्येक वडामा सामुदायीक विद्यालयमा English Medium को लागि प्रकृया अगाडी बढाउनेछ ।
- प्रत्येक वडामा सामुदायीक विद्यालयमा Biometry हाजरी र सिसिटिभी जडान गर्नेछ ।
- प्रत्येक विद्यालयमा लाईब्रेरी र Science ल्यावको लागि आवश्यक प्रकृया बढाउनेछ ।
- प्रत्येक बर्ष उत्कृष्ट गर्न दलित,विपन्न,अल्पसंख्या विद्यार्थीहरुको लागि छात्रवृति प्रदान गर्नेछ ।
- प्रत्येक बर्ष विद्यालयस्तरको खेल प्रतियोगिता आयोजना गर्नेछ ।

**स्वास्थ्य सेवा सम्बन्धी :**

- स्वास्थ्य सेवाको पंहुचबाट बाहिर रहेका महिला, बालबालिका, विपन्न, दलित, सिमान्तकेत र पिछडीएका जातजातिहरुलाई लक्षित गरी गाउँका विभिन्न ठाउंहरुमा सम्बन्धित संस्थाहरुको समन्वय र सहयोगमा एकिकेत घुम्ती स्वास्थ्य शिविर संचालन गरी आधारभुत स्वास्थ्य सेवा पुर्याउने नीति लिइनेछ।
- स्वास्थ्य क्षेत्रमा कार्य गर्ने निकायहरुसंग समन्वय र सहकार्य गरी स्वास्थ्य संस्थाबाट प्रवाह गरिने सेवा सुविधालाई अझ प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ।
- आधारभुत आवश्यकताको रुपमा रहेको स्वास्थ्य सेवालाई अझ विश्वासिलो र भरपर्दो वनाउन गाउँ क्षेत्रमा रहेका ग्रामिण स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीहरुको भौतिक पुर्वाधार सुधार तथा संचालन गर्दै लगिनेछ।
- शिशु तथा मातृ मृत्युदरलाई न्युनीकरण गर्न गाउँका सवै वडाहरुमा प्रसुति केन्द्र **Birthing Centre** निर्माणमा उच्च प्राथमिकता दिई कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- गाउँ स्थित निजी तथा सरकारी स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवा तथा प्रयोगशालाको गुणस्तर निर्धारण र त्यहांबाट उत्पादित फोहर व्यवस्थापनका लागि सम्बन्धित पक्ष र सरोकारवालाहरुको सहकार्यमा आवश्यक मापदण्ड निर्धारण गरि लागु गरिनेछ।
- जनता संग मेयर स्वास्थ्य कार्यकमलाई निरन्तरता दिईनेछ।
- समुदायमा आधारित स्वास्थ्य वीमा कार्यक्रम यस गाउँमा सबै वडामा पुर्याईने ब्यवस्था मिलाईने निति लिएको छ।
- मानव जीवनमा हुने महामारीको रुपमा फैलिने फैलिनसक्ने सरुवारोग तथा नसर्ने रोगको बारेमा सरोकारवालाहरुसंग आवस्यक समन्वय र सहकार्य गर्दै लगिने छ।
- Non- Comnicable disease हरु जस्तै मधुमेह, कोलस्ट्रोल,थाईराईड, क्यासरबाट हुने विकृतीबाट वचाउन प्रयोगशाला शिविरबाट स्वास्थ्य सेवा प्रदान गरी ज्येष्ठ नागरीकको आयु बढाउने नीति ल्याउनेछ ।
-



Scanned with CamScanner

**महिला तथा बालबालिका सम्बन्धी :**

- लिंगको आधारमा हुने कुनैपनि प्रकारको हिंसा र भेदभाव अन्त्य गरी सबै क्षेत्रको विकासमा महिलाहरुको समान सहभागिता गराई महिला सशक्तिकरणका लागि गाउँ स्थित सबै सरकारी तथा गैर सरकारी निकायहरुसंगको समन्वय गरि कार्यक्रम संचालन गरिने छ।
- लैगिक समानता तथा सामाजिक समावेशी नीतिलाई गाउँका सबै निकायहरुमा लागु गरी कार्यान्वयनमा ल्याउन आवश्यक पहलहरु गरिनेछ।
- बालबालिका लक्षित कार्यक्रम अर्न्तगत बालबालिकाहरुको अधिकार सुनिश्चित गर्दै सामुदायिक प्राथमिक विद्यालयहरुको भवन निर्माण, भौतिक पुर्वाधारका कामहरुलाई प्राथमिकता दिइनेछ।
- बालमैत्री स्थानीय शासन अवधारणालाई गाउँका सम्पुर्ण वडाहरुमा क्रमशः लागु गर्दै लगिनेछ
- बालबालिकाहरुको अधिकार सुनिश्चित गर्दै बाल विकास केन्द्र, बाल उद्यान आदिको भौतिक पुर्वाधार निर्माणमा सहकार्य गरिनेछ।
- लैगिंक समानता तथा सामाजिक समावेशीकरण नीति अनुरुप निर्णय प्रक्रिया र आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा महिलाको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्दै लैगिक विभेदलाई कम गरिनेछ।
- बालबालिकाको शारीरिक, मानसिक एवं व्यक्तित्व विकासका लागि प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।
- महिलाको सहभागिता सम्बन्धमा विद्यमान प्रावधानहरु गाउँको योजनाहरुको उपभोक्ता समिति गठन हुंदा पुर्णतः लागु गर्दै आइएकोमा त्यसलाई निरन्तरता दिदै महिला मात्रको उपभोक्ता समिति गठन गर्ने, महिला सहकारी वा महिला समुह मार्फत कार्यक्रम संचालन गर्ने तर्फ उत्प्रेरित गरिनेछ।
- सबै वडाहरुमा बाल विवाह मुक्त गाउँको अवधारणालाई लागु गर्दै लगिनेछ।

**आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडा वर्ग, युवा, तेश्रोलिंगी अपागं, द्वन्द पीडित तथा अन्य वर्ग उत्थान कार्यक्रम**

- आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडा वर्ग, युवा र तेश्रोलिंगी अपागं, द्वन्द पिडित, एकल महिला,जेष्ठ नागरिक तथा अन्य वर्गको उत्थानको लागि उनीहरुको सवलीकरण गर्ने र परम्परागत सीप दक्षता र विशेषतामा आधारित आयमुलक, सीपमुलक कार्यक्रमहरु संचालन गरी रोजगारी श्रेजना गर्ने कार्यमक्रलाई प्राथमिकताको साथ संचालन गर्दै तिनको आर्थिक, सामाजिक स्तरमा बृद्धि गरिनेछ।
- आदिवासी जनजातिहरुको विशिष्ट पहिचान दिने सेवा, वस्तु, संस्कृति, कलाको सम्वर्द्धन र संरक्षण गर्ने कार्यक्रमहरु उनीहरुकै सहभागितामा संचालन गरिने नीतिलाई निरन्तरता दिइएको छ।
- राज्यको तर्फवाट उपलब्ध सेवा सुविधाको पहुंचबाट विमुख आदिवासी जनजाति, दलित, महिला, वालवालिका, अपांगता, द्वन्द पीडित, तेश्रोलिंगी, मधेशी मुश्लिम, पिछडा वर्ग र सीमान्तकेत (विपन्न) समुदायलाई सामाजिक समाबेशीकरणको अवधारणा अनुसार सचेतीकरण, सीप तथा क्षमता विकासको अवसर प्रदान गरी विकासको मँलप्रवाहमा ल्याउने कार्यक्रमहरु संचालन गरिनेछ।

**युवा तथा खेलकुद विकासः**

- सबै जातजाति, धर्म, लिंग, वर्ग र क्षेत्रहरुको युवाहरुको सशक्तिकरण विकासका लागि समान अवसरहरुको सिर्जना हुने वातावतरण तयार गरिने छ।
- युवाहरुको अन्तरनिहित प्रतिभा, शिप र क्षमत्ताको विकास गरी उत्पादनशिल क्षेत्रमा उपयोग गर्न युवा प्रतिभाको खोजीलाई संस्थागत गर्दै सशक्तिकरण गर्न निजी क्षेत्रको समेत सहभागितामा उनीहरुको ज्ञान, शिप र क्षमता विकासका लागि लगानी गरिनेछ।
- स्टार्ट अप कार्यकम युवाहरुलाई स्वरोजगार कार्यकम तर्फ आर्कर्षित गरिनेछ।



CS Scanned with CamScanner

- विश्वव्यापी रुपमा विस्तार हुदै गई रहेको दुर्व्यसन र गैर सामाजिक क्रयाकलापबाट युवाहरुलाई मुक्त गर्दै युवाहरुमा सकरात्मक सोच र संस्कृतिको विकास गर्ने तर्फ सामाजिक प्रयासहरु लक्षित गरिनेछ ।
- युवाहरुमा उद्यमशिलताको विकास गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- यस गाउँमा राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा पहिचान गराउन आवश्यकता अनुसार विभिन्न खेलकुदका कृयाकलापहरुलाई संरक्षण र संवर्द्धन गरिदै लगिनेछ ।
- युवालाई विदेश नजान, सम्भव भए सम्म आफ्नै गाउँमा बसेर सेवा गर्न, गाउँकै लागि आफ्नो सीप तथा क्षमताको उपयोग गर्न प्रोत्साहन गर्ने विशेष योजना बनाई लागु गरिनेछ ।
- सबै वडाका शिक्षित बेरोजगार युवाको तथ्याङ्क सङ्कलन गरी उनीहरुलाई स्वरोजगार बन्न सीप तथा अवसर प्राप्तिका लागि सहजीकरण गरिनेछ ।
- कक्षा १२ उत्तीर्ण गर्न नसकेका बेरोजगार युवालाई कम्प्युटर, मोबाइल, रेडियो, टेलिभजन मर्मत, विद्युत् जडान, होटल मेनेजमेन्ट लगायत व्यावसीयक तालिम दिई स्वरोजगार बनाउने विशेष योजना बनाई लागु गरिनेछ ।
- युवालाई दुर्व्यसनबाट टाढा राख्न तथा युवाशक्ति दुरुपयोग हुनबाट जोगाउन अनुसन्धान, लेखन, खेलकुद, सङ्गीत, कला जस्ता सिर्जनात्मक कामको अवसर प्रदान गरिनेछ ।
- गाउँपालिकाको कर्णधार युवा समुहलाई संगठीत गरी गाउँ सरसफाई, दैवी प्रकोप उद्धार, राहत संकलन, रक्तदान, वेक्षारोपण, विशेष साक्षरता अभियान, नागरिक दायित्व जागरण अभियान, पुरातात्वीक तथा सांस्केतिक महत्वका स्थल सरसफाई, सार्वजनिक स्थल निर्माण आदिमा परिचालन गर्ने । बर्खे तथा अन्य विदाका दिनमा यो स्वयंसेवी अभियानमा सहभागी हुन इच्छुक विद्यार्थीलाई परियोजना कार्यका रुपमा व्यवस्थित गर्न गाउँका शिक्षालयहरुसंग समन्वय गरिनेछ ।
- स्थानीय स्तरमै रोजगारीको अवसरहरु सिर्जना गर्न जोड दिईनेछ ।

**साहित्य, भाषा, कला, संस्कृतिक संरक्षण एवं प्रवर्द्धन :**

- साहित्य, भाषा, कला, संस्कृति संरक्षण एवं प्रवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिदै यसलाई आन्तरिक र वाह्य पर्यटनसंग समेत आवद्ध गर्दै उत्कृष्ठ साहित्यीक पुरस्कारको व्यवस्था गरिनेछ ।

**जनसंख्या व्यवस्थापन :**

- गाउँको वडाहरुबाट संचालित व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई व्यवस्थित गर्दै लगिनेछ ।

**सामाजिक सुरक्षा कार्यक्रम :**

- जेष्ठ नागरिक र एकल महिलाहरुलाई प्रदान गरिदै आएको सामाजिक सुरक्षा भत्ता समयमा उपलब्ध गराउने सुनिश्चितता गर्दै उक्त भत्ता वितरण कार्य वडा कार्यालयद्धारा बैंक मार्फत् सोझै लाभग्राहीले पाउने व्यवस्थालाई प्रोत्साहित गर्न थप प्रयास र पहल गरिनेछ ।
- हिडडुल गर्न नसक्ने अशक्त अपाङ्ग, अशक्त जेष्ठ नागरिकहरुलाई बैक संग समन्वय गरि घरमै पुगेर सामाजिक सुरक्षा वितरणको व्यवस्था मिलाईनेछ ।
- अपांगता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य र आय तथा सीपमँलक कार्यक्रमहरुमा पहुंच अभिबृद्धि गर्न अन्य निकायहरुको सहकार्यमा कार्यक्रमहरु संचालन गरिनेछ ।
- सबै निकायहरुमा भौतिक संरचना निर्माण गर्दा अनिवार्य रुपमा अपांगमैत्री बनाउन उत्प्रेरित गरिनेछ ।
- अपाङ्गता सहायता सामग्रीहरु वितरणको व्यवस्था मिलाईनेछ ।
-



CS Scanned with CamScanner

## ३ पूर्वाधार विकास

**भौतिक पुर्वाधार विकास सम्वन्धी : "बलियो र भरपर्दो स्थानीय पुर्वाधार - बहु आयामिक र दिगो विकासको आधार"**

- सडकहरुको छनौट एवं निर्माण गर्दा गाउँको यातायात गुरु योजना Urban Transport Master Plan ले निर्दिष्ट गरेका सडकहरुको निर्माण एवं स्तरोन्नतिलाई प्राथमिकता दिँदै लगिने छ ।
- भौतिक पुर्वाधार सम्वन्धी योजना संचालन गर्दा अधिकतम जनसहभागिता हुने योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई देहाय अनुसार सहभागिता हुने नीतिलाई निरन्तरता दिइएको छ ।
  १. माटोको काममा १० प्रतिशत जनसहभागिता अनिवार्य गर्ने ।
  २. माटो सहित ग्राभेल गर्ने काममा न्युनतम १० प्रतिशत जनसहभागिता अनिवार्य गर्ने ।
  ३. सडक पीच गर्ने लगायत अन्य सबै पक्की संरचना निर्माण एवं मर्मत काममा न्युनतम ५ प्रतिशत जनसहभागिता अनिवार्य गर्ने लक्ष लिईएको छ ।
  ४. निर्माण हुने सडकको दुवै साइडमा वृक्षारोपण गर्ने कार्यमा जोड दिईने छ ।
- निर्माण गरिएका सडकहरुको नियमित मर्मत संभार गर्नुपर्ने र सोको लागि आवश्यक वजेटको व्यवस्था गर्नुपर्ने हुंदा गाउँपालिकाद्धारा निर्माण गरेका वा हस्तान्तरण भै आएका सडकहरुमा सवारी कर लगाई स्रोत संकलनबाट प्राप्त रकम सोही सडकमा खर्च गर्ने नीतिलाई अवलम्वन गरिने छ ।
- गाउँका सडकहरुको नियमित संचालन र मर्मत संभारको लागि मर्मत संभार कोपको परिचालनलाई अनिवार्य गर्ने नीति लागी गरिएको छ ।
- ठुला आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी सामाजिक, आर्थिक र वातावरणीय देष्टिकोणबाट सम्भाव्य आयोजनाहरुको कार्यान्वयनमा जोड दिईने छ ।
- वातावरणीय प्रभाव, मुल्यांकन अध्ययन गर्ने कार्यलाई जोड दिइनेछ ।
- पुर्वाधार निर्माण गर्दा महिला मैत्री, वाल मैत्री तथा अपांग मैत्री पुर्वाधार निर्माण गर्ने नीति लिइनेछ ।
- पार्क, उद्यान सञ्चालन व्यवस्थापन, तथा अन्य पुर्वाधार निर्माण कार्यमा सार्वजनिक निजी साझेदारी अभ्यासलाई कार्यान्वयनमा ल्याउने प्रयास गरिनेछ ।
- शिक्षा र प्राथमिक स्वास्थ्य सेवालाई प्रभावकारी र न्यायोचित वनाइनेछ । साथै स्वास्थ्य केन्द्रहरु स्थापना सञ्चालन र स्तरोन्नतिका लागि पहल गरिनेछ ।
- राष्ट्रिय भवन संहिताको कार्यान्वयन प्रक्रियालाई थप प्रभावकारी बनाइने छ ।
- गाउँपालिका भित्रको बाटोको छेऊमा घर निर्माण गर्दा ३ मिटर वा सो भन्दा माथि चौडाई भएको अवस्थामा सडकको दायाँ/बायाँ दुबैपट्टी पानी वा ढल निकासको लागी १.५/१.५ जग्गा छोडेर मात्र घर निर्माण कार्य बनाउने कार्यको थालनी गरिनेछ ।
- प्रत्येक गाउँमा रोडलाईटको व्यवस्था गर्नेछ ।

## ४ वन,वातावरण तथा विपद व्यवस्थापन

**वन, वातावरण, उर्जा तथा जलवायु परिवर्तण सम्वन्धी : "वन तथा स्वच्छ पर्यावरण - गाउँको वरदान"**

- वातावरण मैत्री स्थानीय शासन (EFLG)को प्रारुप, २०७० का सुचकहरुलाई चरणवद्ध रुपमा गाउँका सवै घर, वस्ती, वडामा कार्यान्वयन गरिनेछ । उक्त सुचकहरु पुरा भएको तहलाई वातावरण मैत्री तहको दर्जा दीई सम्मान गर्ने । यस्तो सम्मान लोगो तथा कदरपत्रको रुपमा प्रदान गरिने छ । सम्मानको रुपमा पाएको कदरपत्र सम्मान पाउने घरपरिवारको प्रवेशद्वारमा सबैले देख्न सक्ने गरी टाँसिनेछ ।
- बर्षेनी यस गाउँमा हुने गरेको भुक्षय तथा नदी कटान, बाढि, आगलागि जस्ता समस्याहरु समाधानका लागि सम्वन्धित क्षेत्रका विज्ञ, विशेषज्ञ र निकायहरुको सहयोगमा Bio-Engineering को प्रयोगमा जोड दिइने नीति अवलम्वन गर्दै प्रत्यक्ष रुपमा प्रभावित हुने समुदायलाई सो सम्वन्धमा ज्ञान, सीप र अन्य क्षमता विकास सम्वन्धी आवश्यक सहयोग उपलब्ध गराइने छ ।



CS Scanned with CamScanner

- गाउँको हरेक वडाहरुमा वन नर्सरी स्थापना गरी वडाहरुको ऐलानी, पर्ती जग्गामा वेक्षारोपण गरी वन क्षेत्रको विकास तथा विस्तार गर्ने नीतिलाई अवलम्बन गरिने छ ।
- गाउँमा पुर्वाधार तथा संरचना विकास कार्यक्रमहरु संचालन गर्दा वातावरणमैत्री विकासको अवधारणालाई अवलम्बन गर्दै लगिनेछ ।
- स्थानीयस्तरमा उपलब्ध हुन सक्ने वैकल्पिक उर्जाका श्रोतहरुको पहिचान गरी बायो ब्रिकेट, होम सोलार सिस्टम, सुधारिएको चुल्हो, सामुदायिक वायोग्यास प्लान्ट स्थापना, शौचालय जडित वायोग्यांस प्लान्ट जस्ता कार्यक्रमहरु संचालन गर्दै प्राकेतिक श्रोत र साधनको समुचित प्रयोग र व्यवस्थापनमा जोड दिदै लगिनेछ ।
- वैकल्पिक उर्जा कार्यक्रम अन्तर्गत गाउँका सवै वडाहरुमा सुधारिएको चुल्होको कार्यक्रमलाई वृहत रुपमा संचालन गरिँदै लगिने छ ।
- स्वच्छ र स्वस्थ्य वातावरण कायम गर्दै हरित गाउँ निर्माण गर्न हरेक घरमा कम्तीमा छ वटा विरुवा रोप्न गाउँ वासीलाई उत्प्रेरित गरिनेछ ।
- देशमा विद्यमान उर्जा संकटलाई सामना गर्न वातावरणमैत्री नविकरणीय उर्जाको प्रयोग र विस्तारमा जोड दिइनेछ ।
- फोहर व्यवस्थापन तथा सरसफाई कार्यमा सार्वजनिक निजी साझेदारीको नीतिलाई निरन्तरता दिईनेछ ।
- शुल्कमा आधारित फोहर व्यवस्थापन र समुदायमा आधारित फोहर व्यवस्थापन **Community Based Waste Management** को नीति अवलम्वन गरिनेछ ।

# ५ सुशासन तथा संस्थागत विकास

**सुचना, प्रविधि तथा अभिलेख व्यवस्थापन :**

- गाउँको सामाजिक तथा आर्थिक तथ्यांकहरु संकलन र अद्यावधिक गर्न गाउँको सुचना तथा अभिलेख केन्द्रलाई थप व्यवस्थित बनाउदै लगिनेछ ।
- **E-Local Governance** लाई बढावा दिने नीतिलाई निरन्तरता दिदै सामान्य जानकारी एवं सँचना प्रवाहमा समेत हुदै आएको कागजको प्रयोगलाई घटाउदै **Electronic** प्रविधिको प्रयोग गरी एस.एम.एस. माध्यमबाट त्यस्ता सुचनाहरु प्रवाहित गर्न शुरुवात गरिने छ। साथै क्रमश: वडाहरुलाई कागजको प्रयोगलाई घटाउदै **Computerise** प्रविधिको प्रयोग गरी रिर्पोट तयार गर्ने तालुक निकायमा पठाउने कामलाई तदारुकताका साथ लागु गरिनेछ ।

**सुशासन : "व्यवसायीक र सृजनशिल प्रशासन: विकास समृद्धि र शुसासन"**

- प्राविधिक परीक्षण, प्रभाव मुल्यांकन, तथा सार्वजनिक परीक्षण जस्ता माध्यमहरुबाट गाउँमा संचालित योजनाहरुमा पारदर्शिता कायम गर्ने नीति अवलम्बन गर्नुका साथै सार्वजनिक निकायहरुबाट प्रवाह गरिने सेवा प्रभाव सुचकमा आधारित सार्वजनिक सुनुवाईबाट प्राप्त हुने पृष्ठपोषणको आधारमा सुधार गर्दै लगिने छ ।
- स्थानीय निकायमा सार्वजनिक सुनुवाई निर्देशिका २०६७ बमोजिम स्थानीय तहबाट सम्पादन गरिएका कार्यक्रमहरुको सार्वजनिक सुनुवाई गर्ने कार्यक्रमलाई अनिवार्य गर्ने नीतिलाई निरन्तरता दिदै यस कार्यक्रम मार्फत सवै वडाहरुले सम्पादन गरेको कामको सरोकारवालाहरुलाई (स्थानीय एफ.एम., प्रिन्ट मिडियाहरुलाई समेत) सहभागी गराई सेवा प्रवाहमा प्रभावकारिता, पारदर्शिता र जवाफदेहितामा वृद्धि गर्दै लगिने छ ।



CS Scanned with CamScanner

- यस गाउँपालिकाको आर्थिक भौतिक सामाजिक यथार्थता चित्रण र वास्तविकतालाई औल्याउन गाउँको पार्श्वचित्र Urban profile को तयार गरी सोको आधारमा योजना तर्जुमा गर्न पहल गरिने छ ।
- नेपाल सरकारबाट निर्धारित न्युनतम शर्त तथा कार्यसम्पादन मापनका सुचकहरु पुरा गरेका वडाहरुलाई थप अनुदान दिने र पुरा नगर्ने वडाहरुलाई अनुदान कटौति गर्ने नीति रहेकोले सोका लागि वडाहरुको क्षमता अभिवृद्धि गर्न विशेष ध्यान दिइने छ ।
- यस गाउँपालिका, राष्ट्रिय, अन्तराष्ट्रिय तथा स्थानीय गै.स.स.हरु मार्फत संचालित विकास गतिविधिहरुलाई जनतासम्म पुर्याउन स्थानीय टेलिभिजन र एफ.एम. रेडियो, पत्रपत्रिका मार्फत संचालित कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- राज्यको तर्फवाट उपलब्ध सेवा सुविधाको पहुंचबाट बंचित बर्गलाई सम्बोधन गर्दै सामाजिक समावेशीकरणको अवधारणा अनुसार सचेतीकरण, सीप तथा क्षमता विकासको अवसर प्रदान गरी विकासको मुलप्रवाहमा ल्याउन कार्यक्रमहरु संचालन गरिने छ ।
- गाउँपालिकामा अवस्थित सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालय परिसरको वातावरण सुधारका लागि कार्यालय परिसरलाई स्वच्छ, सफा बनाउदै वातावरण संरक्षण र प्रवर्द्धन समेत हुने गरी वातावरण मैत्री कार्यालयको रुपमा विकसित गर्ने तर्फ प्रयास गर्दै लगिने छ ।
- आर्थिक अनुशासन कायम गर्ने सन्दर्भमा बांकी बक्यौता, पेश्की, वेरुजुको लगत अद्यावधिक गरी बढाईका साथ असुल उपर एवं फछ्र्यौट गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- सार्वजनिक नीजि गै.स.स. साझेदारीलाई थप प्रभावकारी वनाउदै लगिने छ ।
- गाउँपालिकाका समुदायहरुलाई सामाजिक परिचालन एवं टोल बिकास संस्थालाई अधिकतम सहभागिता गराई सेवा प्रवाह, जवाफदेहिता र पारदर्शिता कायम गर्न सामाजिक परिचालन कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिदै लगिने छ ।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ र स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ बमोजिम पद दर्ताको प्रकृया अगाडी बढाईनेछ ।

**मानव संसाधन विकास सम्बन्धी :**

- गाउँमा सेवा सुविधाको अवसरबाट टाढा रहेका बिभिन्न क्षेत्रका युवा जनशक्तिलाई अन्य निकायहरु समेतको सहकार्यमा सीपमुलक तालिम प्रदान गर्ने नीतिलाई निरन्तरता दिइएको छ ।
- विदेशबाट फर्केर आएका श्रमिक वा विदेशिने क्रममा रहेका गाउँका श्रमिकहरुलाई स्वदेशमै रोजगार उपलब्ध गराउन तथा विपन्न स्थितिमा रहेका श्रमिकहरुलाई साझेदार निकायहरुको सहयोगमा आधुनिक ज्ञान, सीप र प्रविधिमा पहुंच बढाउनेतर्फ विशेष ध्यान दिईने छ ।
- गाउँसभा तथा गाउँपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता विकासको लागि जन प्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवेद्धि सम्बन्धी तालिम तथा अनुशिक्षण कार्यक्रमहरु आवश्यकता अनुसार संचालन गर्दै लगिने छ ।
- उपभोक्ता समितिहरुको कार्य सञ्चालन तथा व्यवस्थापन क्षमता अभिवेद्धिको लागि आवश्यक तालिम दिईने छ ।
- सांगठनिक विकास **O.D.** को माध्यमबाट व्यवसायिक क्षमताबेद्धि गर्न गाउँपालिकाको प्रत्येक शाखाहरुमा कार्यरत कर्मचारीहरुको कार्य विवरण उपलब्ध गराइ आगामी दिनमा पनि आवश्यकता अनुसार समयानुकुल पुनरावलोकन गरी कार्यान्वयनमा ल्याइने छ ।
- यस गाउँपालिकाका कर्मचारी, विषयगत कार्यालयका कर्मचारी, तथा उपभोक्ता समितिहरुको उत्कृष्ट कार्य सम्पादनलाई पहिचान र प्रोत्साहन दिंदै सम्बन्धित क्षेत्रमा कार्यरत मानव जनशक्तिलाई अझ बढी अभिप्रेरित



Scanned with CamScanner

गर्ने उद्देश्यले प्रदान गर्ने उद्धेश्य सहित उत्कृष्ट कर्मचारी पुरस्कार, पत्रकार, कृषक, शिक्षक , बिद्यार्थी, कलाकार, समाजसेवी, करदाता ब्यबसायी उपभोक्ता समिति कदर पत्र प्रदान गर्दै लगिने छ।

- यस गाउँपालिकामा निरन्तररुपमा कार्यरत रहेका स्थायी,अस्थायी,करार र ज्यालादारी कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकन, ज्येष्ठता तथा कार्यकुशलता मुल्यांकन गरी कर्मचारीहरुलाई कार्यालयको आवश्यकता पहिचान गरी आन्तरीक रुपमा सरुवा,बढुवा,तलब बृद्धी, प्रोतसाहन र नियमानुसार स्थायी गर्नूका साथै अनियमितता तथा भ्रष्टाचार जस्ता अनैतीक र आचरण विपरीत कार्य गरेको पाइएमा नियमानुसार सजाय को लागी सिफारीस गरी कार्यसञ्चालनमा ईमान्दारीता र पारदर्शिता बनाउन मनोबल बढाईने छ।
- यस गाउँको क्षमता विकास योजनालाई यसै चालु आ.ब.मा अद्यावधिक गरी कार्यान्वयनमा ल्याईने छ।
- यस गाउँपालिकाको समग्र विकासको लागि बृहत शहरी विकास योजना (आवधिक योजना) तर्जुमा गरी कार्यान्वयन गरिने छ।
- सामाजिक परिचालन, समावेशी र मुल प्रवाहीकरणमा जोड दिइने छ। विकास आयोजनाको सञ्चालनमा महिलालाई अनिवार्य सहभागी गराउने नीति लिइने छ।
- गैरसरकारी संघ सस्थाहरुसंगको सहकार्यलाई जोड दिईने छ। बलान बिहुलगाउँपालिका क्षेत्र भित्र कार्यक्रम सञ्चालन गर्ने सबै गैससहरुका कार्यक्रमहरु गाउँ विकास योजनामा समावेश गराउनका लागि पहल गरिने छ।
- यस गाउँपालिकाका युवायुवती र एकल महिलाहरूलाई गाउँमा रोजगारीका लागि पहिलो प्राथमिकता दिने।

**राजश्व :**

- गाउँको आन्तरिक राजस्वलाई बृद्धि गर्न गाउँस्थित सम्भाव्य श्रोतहरुको पहिचान गरी राजश्वको बार्षिक प्रक्षेपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- आन्तरिक श्रोत अभिबृद्धिका लागि करका नया क्षेत्रहरुको पहिचान, करका दरहरुको समायोजन र संशोधन गरी कर संकलन गर्दै लगिनेछ।
- करदाताको गुनासोलाई यथाशिघ्र व्यवस्थापन गरिनेछ।
- वडा स्तरबाट संकलन हुने राजश्वलाई Software बाटगाउँको केन्द्रिकृत प्रणालीमा आवद्ध गराइनेछ।
- ढुवानी व्यवसाय तथा कवाड व्यवसायीसंग समन्वय गरी गाउँको निश्चित क्षेत्रमा व्यवस्थित गरी श्रोत परिचालन गर्ने नीति लिइनेछ।
- गाउँमा क्रियाशिल व्यवसायिक संघ सस्थाहरुसंग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- गाउँपालिकाले तिर्न तथा लिन बांकी सरकारी बिगो-बक्यौता रकम चुक्तागर्ने-गराउन आवश्यक प्रक्रिया थालनि गरिनेछ।
- उद्योग वाणिज्य सङ्घसंग समन्वय गरी मुख्य बजारभन्दा बाहिरका उपभोक्तालाई आकर्षित गर्न र बजारमा अबेला सम्म टिकाइराख्न विशेष योजना बनाइ लागु गरिनेछ।
- गाउँक्षेत्र भित्र रहेका सबैलाई करको दायरामा ल्याई राजश्व बृद्धि गरिनेछ। करको दायरामा ल्याउन नसकेका लेखापढि ब्यवसायी, कानँन ब्यवसायी, चिकित्सक, इन्जिनियर, गाउँपालिकाको स्वकृती लिई जग्गा प्लटिङ्ग गर्ने ब्यवसायी सबैलाई करको दायरामा ल्याईनेछ।

**संगठन तथा प्रशासन**

- यस गाउँपालिकालाई भ्रष्टाचारमा शुन्य सहनाशिलताको नीतिलाई निरन्तरता दिइने छ।
- कर्मचारी र सरोकारवालाहरु समेतको क्षमता विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ।



CS Scanned with CamScanner

- क्षतिपुर्ति सहितको नागरिक वडापत्रको लागु गरी श्रव्य देश्य **Audio Visual Citizen Charter** प्रविधिमा आधारित नागरिक वडापत्र तयार गरिने छ।
- गाउँपालिकाबाट बन्दोवस्ती हुने ठेक्कामा E-Submission विधिलाई निरन्तरता दिइने छ। बोलपत्रबाट गरिने निर्माण तथा खरिद प्रक्रियालाई बढी प्रतिस्पर्धात्मक बनाउन विगत देखी प्रयोगमा ल्याईएको विद्युतीय बोलपत्र E-bidding लाई अझ प्रभावकारी बनाइनेछ तर वैदेशिक सहायताका योजनाहरुको हकमा दाताको नीति र सम्झौता शर्त अनुरुप हुने छ।
- गाउँपालिकाको भौगोलिक सुचना प्रणाली **GIS** लाई अद्यावधिक गर्दै योजना तर्जुमा राजश्व परिचालन र योजना कार्यान्वयनमा ल्याईने छ।
- हरेक वर्ष एक जना उत्कृष्ट कृष्क, कर्मचारी, शिक्षक, पत्रकार, कलाकार, प्राविधिक, अधिकारकर्मी, समाजसेवी, गाउँ-प्रहरी, प्रहरी, व्यवसायी, चिकित्सक, स्वरोजगार, करदाता तथा उत्कृष्टगाउँबासी छनोट गरी पुरस्कृत तथा सम्मान गरिने छ।
- गाउँपालिकाको वडाहरुमा निकट भविष्यमा **CCTV** जडान गरी उक्त प्रणालीलाई पारदर्शी र थप व्यवस्थित गरिने छ।
- गाउँपालिकाबाट विभिन्न संघ संस्थाहरुलाई प्रदान गरिने कार्यक्रम सहयोग एवं सहकार्यका कार्यक्रम सम्पन्न प्रतिवेदन गाउँपालिकामा पेश गर्ने व्यवस्था मिलाइने छ।

**विविध :**

- सामाजिक तथा आर्थिक विकासका लागि सहकारिताको विकासमा जोड दिइने छ।
- योजनाहरुको आवश्यकताको पहिचान, प्राथमिकीकरण, संचालन तथा मर्मत सम्भार सम्बन्धी कार्यहरुमा अधिकाधिक जनसहभागिता बृद्धि गरी जनस्वामित्व बढाउँदै लगिने छ।
- राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रबाट लिईएका लक्ष्य, उद्देश्य तथा प्रतिबद्धताहरुलाई कार्यक्रमको माध्यमबाट स्थानीयकरण गरी सम्बोधन गर्ने प्रयास गरिने छ।
- स्वनिर्भर स्वशासन तर्फ अग्रसर हुन आन्तरिक आयवृद्धिमा जोड दिइने छ।
- निक्षेपित कार्यालयका कार्यक्रमहरुलाई स्थानीय तह प्रति थप उत्तरदायी बनाउदै लगिने छ।
- गाउँभित्र संचालन भएका योजनाहरुको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन तथा मुल्यांकन कार्यलाई थप सुदृढ बनाउँदै लगिने छ।
- भु-उपयोग योजना कार्यान्वयनमा जोड दिइने छ साथै विस्तारित क्षेत्रलाई समेत समेटिने छ।
- सार्वजनिक जग्गाको संरक्षणमा वडा समिति र समुदायको सहभागितामा पहल गरिने छ।
- भवन सम्बन्धी अंचार सहिंता पालना गर्नको लागि यस पालिका भित्र निर्माण हुने भवनलाई अनिवार्य रुपमा नक्सा पास गराई मात्र घर बनाउन निति लिने।

**उपस्थित माननीय गाउँसभाका सदस्यज्यूहरु**

आगामी आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रमबाट सम्पूर्ण बलान बिहुलबासीहरुको आर्थिक र सामाजिक विकासमा प्रत्यक्ष योगदान पुग्नेछ भन्ने विश्वास लिएको छु । प्रस्तुत नीती तथा कार्यक्रम तयार गर्न विभिन्न कोणबाट सहयोग गर्ने संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, अन्तर स्थानीय तहहरु, गाउँपालिका महासंघ, गाउँकार्यपालिकाका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, गैर सरकारी संघ-संस्था, नागरिक समाज, संचारकर्मी, गाउँपालिकाका कर्मचारीहरु लगायत सम्पूर्ण गाउँबासीहरुमा विशेष धन्यवाद सहित



Scanned with CamScanner

यसको सफल कार्यान्वयनमा समेत यहाँहरुको उल्लेखनीय सहयोगको अपेक्षा राख्दै प्रभावकारी कार्यान्वयन गर्ने प्रतिवध्दता व्यक्त गर्दछु ।

धन्यवाद

रेणु यादव
गाउँपालिका उपाध्यक्ष एवं गाउँसभा सदस्य
बलान बिहुल गाउँपालिका मल्हनियाँ, सप्तरी

खेमचन्द्र यादव
गाउँपालिका अध्यक्ष एवं गाउँसभा अध्यक्ष
बलान बिहुल गाउँपालिका मल्हनियाँ,सप्तरी



CS Scanned with CamScanner